**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ११ मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- भारतीय जनता पार्टीका वरिष्ठ नेता अनि गृह मंत्री अमित शाहले - विपक्षको  लोकसभा अध्यक्षको निष्ठा माथि प्रश्न उठाउनु दुर्भाग्यपूर्ण रहेको बताउनु भएको छ।
- निर्वाचन आयोगले, राज्यका सबै जिल्लाहरूमा उपलब्ध केन्द्रिय सशस्त्र पुलिस बलहरूको रूट मार्चको पहिलो चरण आगामी 14 मार्चको राती 8 बजेसम्ममा अनिवार्य रूपमा पूरा गर्ने बंगाल प्रशासनलाई निर्देश दिएको छ।
- पश्चिम मिदनापुर जिल्लामा भारतीय जनता पार्टी (भाजपा)-को 'परिवर्तन संकल्प यात्रा'- लाई लिएर सत्तारुड तृणमूल कंग्रेस अनि भारतीय जनता पार्टी (भाजपा)बीच राजनीतिक घमासान चरममा पुगेको छ।
- स्कूल सेवा आयोग (एसएससी) भर्ती घोटाला बारे जांचको क्रममा प्रवर्तन निदेशालय (ईडी) ले शिक्षा विभागका  पूर्व सचिव मनीष जैन अनि तृणमूल कांग्रेसका पूर्व युवा नेता कुंतल घोषलाई समन गरेको छ।
- चिया श्रमिकहरूका लागि आवन्टित १,००० करोड रकम उत्तर बंगालका चियाबगानमा पनि लागू हुनुपर्ने माग — हाम्रो हिल तराई डुवर्स चिया श्रमिक संघले गरेको छ।

**लोकसभा - प्रस्ताव - ओम बिरला**

लोकसभा अध्यक्ष ओम बिरलालाई हटाउने मांग रहेको विपक्षको प्रस्ताव माथि चर्चा आज फेरी शुरू भयो। चर्चाको उत्तर दिनुहुँदै भारतीय जनता पार्टीका वरिष्ठ नेता अनि गृह मंत्री अमित शाहले - विपक्षको  लोकसभा अध्यक्षको निष्ठा माथि प्रश्न उठाउनु दुर्भाग्यपूर्ण रहेको बताउनुभयो। लगभग चार दशक पछि लोकसभा अध्यक्ष बिरुद्ध अविश्वास प्रस्ताव ल्याईएको उहाले बताउनुभयो। श्री शाहले भन्नुभयो यो संसदीय राजनीति अनि सदन दुवैको लागि दुखद घटना हो। उहाले भन्नुभयो - लोकसभा अध्यक्ष कुनै राजनीतिक दलको होइन तर सदनको हो। श्री शाहले भन्नुभयो  कि भाजपा अनि एनडीए ले कहिले पनि लोकसभा अध्यक्ष बिरुद्ध अविश्वास प्रस्ताव ल्याएन किनभने पार्टीलाई अध्यक्षको निष्ठा माथि कुनै  संदेह छैन।

**BYTE**

**पश्चिम बंगाल चुनाउः  रूट मार्च**

निर्वाचन आयोगले, राज्यका सबै जिल्लाहरूमा उपलब्ध केन्द्रिय सशस्त्र पुलिस बलहरूको रूट मार्च तथा क्षेत्र प्रभुत्व अभ्यासको यो पहिलो चरण आगामी 14 मार्चको राती 8 बजेसम्ममा अनिवार्य रूपमा पूरा गर्ने बंगाल प्रशासनलाई निर्देश दिएको छ। मुख्य निर्वाचन अधिकारी कार्यालयको एक सूत्र अनुसार आयोगले स्पष्ट पारेको छ कि राज्यको सबै 294 विधानसभा क्षेत्रहरूमा निर्धारित समय-सीमाभित्रमा यो प्रक्रिया पूरा गरियोस्।

***सूत्र अनुसार अहिलेसम्ममा केन्द्रिय सशस्त्र पुलिस बलहरूको 480 कम्पनी दुई चरण गरी पश्चिम बंगालमा आइसकेको छ। आयोगले पहिलानै यी 480 कम्पनीहरूको जिल्लागत आवन्टन पनि पूरा गरिसकेको छ। यसैबीच आयोगले सेवानिवृत्त भारतीय प्रशासनिक सेवा अधिकारी सुब्रत गुप्तालाई आगामी पश्चिम बंगाल विधानसभा चुनाउको लागि केन्द्रिय पर्यवेक्षक नियुक्त गर्ने निर्णय लिएको छ। उहाले विशेष गहन मतदाता सूची संशोधन प्रक्रियामा कार्यवाहक विशेष मतदाता सूची पर्यवेक्षकको जिम्मेवारी निर्वहन गरिरहेका थिए। यसको साथै आयोगले वर्ष 2021-मा भएको पश्चिम बंगाल विधानसभा चुनाउ- 2021 पश्चात जुन-जुन जिल्लाहरूमा व्यापक रूपमा हिंसात्मक घटनाहरू घटेको थियो , त्यहाँका सम्बन्धित थानाहरूका तत्कलीन थाना प्रभारीहरूलाई विवरण पनि मागेको छ। यो जानकारी राज्य पुलिसका कार्यवाहक महानिदेशक पीयूष पाण्डेलाई दिइएको छ। यस अतिरिक्त ज्ञानेश कुमारले त्यसताकका थाना प्रभारीहरूका तत्कालीन वरिष्ठ अधिकारीहरूको विवरण पनि उपलब्ध गराउन भनेका छ। चुनाउपूर्व सुरक्षा व्यवस्था तथा प्रशासनिक जवाफदेही सुनिश्चित गर्नु निष्पक्ष चुनाउको लागि आवश्यक रहेको आयोगको मान्यता छ।***

**पश्चिम मिदनापुर - 'परिवर्तन संकल्प यात्रा'**

पश्चिम मिदनापुर जिल्लामा भारतीय जनता पार्टी (भाजपा)-को 'परिवर्तन संकल्प यात्रा'- लाई लिएर सत्तारुड तृणमूल कंग्रेस अनि मुख्य विपक्षी दल भाजपाबीच राजनीतिक घमासान चरममा पुगेको छ।

***जिल्लाका विभिन्न अञ्चलहरूमा निकालिरहेको यस यात्राले आगामी चुनाउपूर्व राजनीतिक तापमान बढ़ाइदिएको छ। एकातिर भाजपाले यस यात्रालाई जनसमर्थनको प्रतीत बताइरहेको छ भने अर्कोतिर तृणमूल कंग्रेस यसलाई पूर्ण रूपमा विफल बनाउनमा जुटेको छ। परिवर्तन यात्राको माध्यमबाट भाजपाले आफ्नो सांगठनिक धारलाई तीव्र बनाउने चेष्टा गरिरहेको छ। रथ परिक्रमा तथा जनसभाहरूको यस श्रृंङखलामा केन्द्रिय मन्त्री गिरिराज सिंह, विधानसभामा नेता प्रतिपक्ष शुभेन्दु अधिकारी, प्रदेश अध्यक्ष शमिक भट्टचार्य अनि राहुल सिन्हा जस्ता नेताहरू सामेल भैरहेका छन् | यसै क्रममा कुर्मी समाजका प्रभावशाली नेता राजेश महतो भाजपामा सामेल भए पछि क्षेत्रको जातीय समीकरणको दृष्टिले यसलाई महत्वपूर्ण मानिंदैछ। जनसभाहरूमा भाजपा नेताहरूले मानिसहरुलाई लोभ्याउने वाचारहरू गरिरहेका छन् जसमा 'लक्ष्मी भण्डार'- को राशि बढ़ाएर तीन हजार रुपियाँ बनाउने, कृषकहरूलाई वार्षिक 18 हजार रुपियाँको सहायता अनि भ्रष्टाचार मुक्त शिक्षक नियुक्ति जस्ता संकल्प सामेल छन्। अर्कोतिर तृणमूल कंग्रेसले भाजपाका यी दाबीहरूमाथि कड़ा प्रहार गरेको छ। पार्टीको तर्क छ, भाजपाका सभाहरूमा अपेक्षित भीड़ जुटिरहेको छैन जसले यस कुरालाई प्रमाणित गर्दछ कि बंगालका जनताले यस यात्रालाई नकारिदिएका छन्। तथापि भाजपा नेतृत्वको भनाइ छ, यस यात्राको मुख्य उद्देश्य शक्ति प्रदर्शनको सट्टा बूथ स्तरका कार्यकर्ताहरूलाई पुनर्जीवित बनाउनु हो।***

**स्कूल सेवा आयोग - ईडी**

स्कूल सेवा आयोग (एसएससी) भर्ती घोटाला बारे जांचको क्रममा प्रवर्तन निदेशालय (ईडी) ले शिक्षा विभागका पूर्व सचिव मनीष जैन अनि तृणमूल कांग्रेसका पूर्व युवा नेता कुंतल घोषलाई समन गरेको छ । सूत्रहरु अनुसार, दुवैलाई आगामी 16 देखि 19 मार्च बीच कोलकाताको सीजीओ कॉम्प्लेक्स स्थित ईडी कार्यालयमा सोधपुछको लागि उपस्थित होने बताएको छ । जांच एजेंसीको भनाई अनुसार यस मामलामा दुईजना बाहेक लगभग 100 भन्दा अधिक नौकरी अभ्यर्थिहरुलाई पनि चरणबद्ध ढंगमा सोधपुछको लागि बोलाईने छ । यस भन्दा पुर्व प्राथमिक शिक्षक भर्ती घोटाको मामलामा हुगलीका निष्कासित तृणमूल युवा नेता कुंतल घोषलाई ईडी अनि केंद्रीय अन्वेषण ब्यूरो (सीबीआई) ले पक्राउ गरेको थियो । अहिले उनीहरु जमानतमा बाहिर छन् । अब एसएससी भर्ती घोटालाको जांचको क्रममा ईडी ली एक पल्ट फेरी मनीष जैन अनि कुंतल घोषलाई समन पठाएको छ ।

**सिलगडी- बिरोध प्रदर्शन**

मुख्यमंत्री ममता ब्यनार्जीको कथित 'कम्युनिटी' भन्ने विवादित बयानको विरोधमा आज सिलगडीमा भारतीय जनता पार्टी (भाजपा) ले जोरदार प्रदर्शन गरे । शहरको हाशमी चौकमा भाजपाको तर्फबाट विरोध कार्यक्रम आयोजित गरियो । यस अवधि पार्टी कार्यकर्ता अनि समर्थकहरुले हाथमा पार्टीको झन्डा तक्ता लिएर अनि घाटीमा कालो लुगा बाँधेर मुख्यमंत्रीको बयान बिरुद्ध प्रदर्शन गरे ।प्रदर्शनकारिहरुले नाराबाजी गर्दै राज्य सरकार बिरुद्ध असन्तुष्टि ब्येक्त गरे । विरोध प्रदर्शनमा सिलगडीका विधायक शंकर घोष साथै भाजपाका अन्य नेता, कार्यकर्ता अनि समर्थक उपस्थित थिए । मुख्यमंत्रीले तुरन्तै आफ्नो बयानको लागि माफ मंग्नु पर्ने नत्र आफ्नो पदबाट राजिनामा दिनुपर्ने सिलगडीका विधायक शंकर घोषले मांग गरेका छन् ।

**राजगञ्ज - सड़क दुर्घटना**

जलपाईगडी जिल्लाको राजगञ्ज क्षेत्रस्थित राष्ट्रिय राजमार्गमा भएको सड़क दुर्घटनामा एकजना व्यक्तिको मृत्यु भएको छ ।घटना आज बिहान हात्तीमोड़ नजिक बालाईगछ क्षेत्रमा भएको हो।मृतकलाई 55 बर्षिय बिरेन रायको रूपमा चिन्हित गरिएको

छ ।प्राप्त जानकारी अनुसार आज बिहान बिरेन आफ्नो गाई-वस्तुलाई चराउनको लागि घरबाट निस्किएका थिए। उनले सड़क पार गरिरहँदा एउटा तिब्र गतिको कारले उनलाई भयानक ठक्कर दियो। यस घटनामा बिरेन गम्भीर रूपमा घाइते भए। उनीसित रहेको एउटा पशुको पनि घटनास्थलमै मृत्यु भयो। स्थानीय मानिसहरूले उनलाई राजगञ्ज ग्रामीण अस्पतालमा पुऱ्याए जहाँ चिकित्सकहरूले उनलाई मृत घोषित गरिदिए।घटनापछि आक्रोशित मानिसहरूले कार चालकलाई समातेर राजगञ्ज थानाको पुलिसलाई जिम्मा दिए। पुलिस सम्पूर्ण मामिलाको जाँचमा जुटेको छ। घटनाको कारणले क्षेत्रमा शोक अनि आक्रोश दुवै व्याप्त भएको छ।

**मत्तीगडा-नक्सलबाड़ी विधानसभा क्षेत्र**

विधानसभा चुनावको घोषणा हुनु भन्दा पुर्व तृणमूल कांग्रेसले आफ्नो चुनावी तैयारी तिब्र गर्दै आज मत्तीगडा-नक्सलबाड़ी विधानसभा क्षेत्रलाई लिएर बागडोगरामा पार्टीका निर्वाचित जनप्रतिनिधिहरु अनि नेताहरुको एक महत्वपूर्ण बैठक आयोजित गर्यो ।

पार्टीको तर्फबाट अहिलेसम्म आधिकारिक रुपमा उम्मीदवारको घोषणा नगरिएता पनि बैठकमा, मत्तीगडा-नक्सलबाड़ी विधानसभाबाट जो पनि उम्मीदवारलाई टिकट दिईनेछ , पार्टीका सबै नेता अनि कार्यकर्ता एकजुट भएर उसको समर्थनमा चुनाव लड्ने संकल्प लिईएको छ । बैठकमा दार्जिलिंग जिला तृणमूल कांग्रेसका जिला चेयरमैन, कोर कमेटीका सदस्य तथा विभिन्न स्तरका निर्वाचित प्रतिनिधिहरु उपस्थित थिए।

**पंखाबारी - शिलान्यास**

गोर्खाल्याण्ड प्रादेशिक प्रशासन (जीटीए) ले विभिन्न गाउँ तथा कमानहरूलाई आपस्तमा जोड्दै स्थानीय बजारसँग प्रत्यक्ष सम्पर्क स्थापित गर्ने उद्देश्यले सडक निर्माण कार्यलाई निरन्तर प्राथमिकता दिँदै आएको जीटीए का प्रमुख कार्यपाल अनित थापाले बताउनुभएको छ । यसै पहल अन्तर्गत आज अनित थापाको उपस्थितिमा पंखाबारी क्षेत्रमा एक महत्वपूर्ण सडक निर्माण परियोजनाको शिलान्यास गरिएको छ।कार्यपाल अनित थापाको सामाजिक संजालमा दिइएको जानकारी अनुसार रोहिणी अपर चिसोपानीदेखि घैयाबारीसम्म सडक निर्माण गरिने यो परियोजना दार्जीलिङ जिल्लाको खरसाङ ब्लक अन्तर्गत पर्दछ । निर्माण गरिने सडकको कुल लम्बाइ २.६ किलोमिटर रहनेछ भने यसका लागि अनुमानित लागत 2 करोड 39 लाख 87 हजार 500 रुपियाँ निर्धारण गरिएको छ।

**मिरिक नगरपालिका हाउजिङ फर अल**

मिरिक नगरपालिका क्षेत्रमा हाउजिङ फर अल 2.0 मार्फत छुटेकाहरूको घर निर्माण गरिने भएको छ। जसका लागि आगामी सोमबारदेखि मिरिक नगरपालिकाबासीले नगरपालिका कार्यालयमा गएर फारम भर्न सक्नेछन् । विभिन्न वार्डका आवेदकहरुले मिरिक नगरपालिका कार्यालयमा आवश्यक कागज पत्रसित सम्पर्क गर्न सक्ने मिरिक नगरपालिका अध्यक्ष एलबी राईले बताउनु भएको छ। एक प्रेस भेलाको आयोजना गर्दै -इच्छुकहरूले आगामी सोमबार चार र पाँच नम्बर वार्ड ,मंगलबार एक दुई ,तीन नम्बर वार्ड, बुधबार आठ अनि नौ नम्बर वार्ड अनि बिहीबार सात र छ नम्बर वार्डका मानिसहरूले फारम भर्न सक्ने श्री राईले जानकारी दिनु भएको छ।

**आइ जि जे ऐफ**

चिया श्रमिकहरूका लागि आवन्टित १,००० करोड रकम उत्तर बंगालका चियाबगानमा पनि लागू हुनुपर्ने माग — हाम्रो हिल तराई डुवर्स चिया श्रमिक संघले गरेको छ। एक प्रेस बिज्ञप्ति जारी गर्दै संघका प्रतिनिधिहरुले, भारत सरकारले चिया श्रमिकहरू, विशेष गरी महिला तथा बालबालिकाको शिक्षा, स्वास्थ्य तथा समग्र जनकल्याण सुधार गर्ने उद्देश्यले आर्थिक वर्ष २०२१–२२ को बजेटमा १,००० करोड रुपियाँ आवन्टन गरेको र यो राशी प्रधानमन्त्री चिया श्रमिक प्रोत्साहन योजना अन्तर्गत खर्च गरिने जानकारी प्राप्त भएको भन्दै यस राशी अन्तर्गत उत्तर बंगालका चियाबगानमा कार्यरत श्रमिकहरूलाई पनि लाभ उपलब्ध गराइनुपर्ने अडान व्यक्त गरेको छ। इण्डियन गोर्खा जनशक्ति फ्रन्ट अन्तर्गतको भातृ संगठन हाम्रो हिल तराई डुवर्स चिया श्रमिक संघले असम

र पश्चिम बंगालका चियाबगानमा कार्यरत लाखौँ श्रमिकहरू अझै पनि आधारभूत शिक्षा, स्वास्थ्य सेवा तथा अन्य सामाजिक सुविधाहरुबाट पूर्ण रूपमा लाभान्वित हुन नसकेको बताएको छ।

## युवा अड्डा कार्यक्रम

आज खरसाङ विधान सभा अन्तर्गत चिम्नी देउराली मण्डलका युवाहरुलाई लिएर खरसाङ पार्टी कार्यालयमा भारतीय जनता युवा मोर्चा (BJYM) को "युवा अड्डा" कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो।कार्यक्रममा स्थानीय युवाहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रममा युवाहरुसँग प्रत्यक्ष संवाद गरी उनीहरूका विचार, समस्या तथा सुझावहरू सुन्ने अवसर प्रदान गरियो। साथै युवाहरूलाई समाज तथा राष्ट्र निर्माणमा सक्रिय रूपमा सहभागिता जनाउन प्रेरित गरिएको थियो। कार्यक्रमको क्रममा संगठनलाई अझ सशक्त बनाउने, युवाहरूलाई राजनीतिक तथा सामाजिक गतिविधिमा जोड्ने तथा क्षेत्रको विकाससँग सम्बन्धित विभिन्न विषयहरूमा महत्वपूर्ण छलफल गरिएको थियो।

## भागोप्रमो कर्मी सभा (कैजले)

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले दार्जिलिङ विधानसभा क्षेत्रको दुई नम्बर समष्टि रेलिङ कैजले समष्टीमा पार्टीको सम्भावित उम्मेदवार विजय कुमार राईको बिशेष उपस्थितिमा बृहत कर्मी सभाको आयोजना गरेको छ। पन्चवटी भवन कैजलेमा आयोजना गरिएको सभामा पार्टीका केन्द्र स्तरीय नेतृत्वहरु सगै समष्टि सभासद सतिश पोख्रेल लगायत समष्टि कमिटीका सम्पुर्ण पदाधिकारीगण नारी एव युवा शक्तीका नेतृत्वबृन्द लगायत समष्टिको विभिन्न बुथ स्तरका नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो।सभालाई सम्बोधन गर्दै पार्टीका सम्भावित उम्मेदवार बिजयकुमार राईले अब आन्दोलन बैचारिक आन्दोलन हुनुपर्ने बताउनु भयो।

## भुतपुर्व विद्यार्थी सगठन -सचेतना कार्यक्रम

बिजनबारी स्थित विद्यासागर उच्चत्तर माध्यमिक विद्यालयको 1992 देखि 1994 को ब्याचका भूतपूर्व विद्यार्थीहरुको सगठन द्वारा संमान एव सचेतना कार्यक्रम आयोजना गरिएको छ मुख्य रूपमा महिला सुरक्षा, मानव तस्करी, बाल सुरक्षा एव यसको रोकथाम विषय लिएर आयोजना गरिएको सचेतना कार्यकममा कंचनजगा उद्दार केन्द्रका सस्थापक तथा बिधासागर उच्चतर माध्यमिक बिधालयका भुतपुर्व विद्यार्थी रङु सौरिया प्रमुख रूपमा उपस्थिति थिइन भने मानव तस्करी तथा यसबाट समाजमा पर्ने असरहरुको बारेमा बृस्तित रूपमा जानकारी गराउदै आफुलाई आफ्नो बिधालयले यसरी सम्झन्दा अत्यन्तै गर्व अनुभव गरेको उहाले बताउनुभयो। भुतपुर्व विद्यार्थी तथा डाक्टर किरण सुब्बाद्वारा संचालित कार्यक्रममा अधिबक्ता प्रणय राईले विभिन्न विद्यालयका विद्यार्थीवर्गलाई कानूनी सल्लाह सहित सचेतनामूलक वक्तव्य प्रस्तुत गरेका थिए भने सोयियल मिडियाले विद्यार्थीहरु परेको दुष्प्रभाव बारे बृस्तित रूपमा जानकारी गराईएको थियो।

**********